# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

महाराजगञ्ज, काठमाडौं ।

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**श्री शेयरधनी महानुभावहरु,**

संचालक समितिको मिति २०७७/०८/२१ को निर्णय अनुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) नेपालमा समेत महामारीको रुपमा फैलिइरहेको परिप्रेक्षमा नेपाल सरकारले जारी गरेका सुरक्षा मापदण्डहरुको समेत पूर्ण पालना गरी सभा सञ्चालन गर्नुपर्ने अवस्था भएको र विद्युतीय माध्यमबाट भएको उपस्थितिलाई सभास्थलमा उपस्थित भए सरह मान्यता हुने व्यवस्था गरिएको हुँदा यस किसिमको विशेष परिस्थितिमा विद्युतीय माध्यम (Zoom Meeting) बाट साधारण सभामा उपस्थित भईदिनु हुन अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान:**

**मितिः** २०७७/०९/२० गते सोमबार (तदनुसार ४ जनवरी, २०२१)

**समयः** बिहान ११:०० बजे ।

**स्थानः** चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सभाहल, धुम्बाराही, काठमाडौंबाट भर्चुअल- Zoom Meeting मार्फत सञ्चालन गरिनेछ । विद्युतीय माध्यमबाट सभामा भाग लिन शेयरधनीहरुलाई Meeting Id र Password उपलब्ध गराइनेछ ।

**शेयरधनी पुस्तिका बन्द रहने मितिः २०७७/०९/१२**

**साधारण सभामा छलफल हुने विषय सूची:**

१. संचालक समितिको आ.ब. २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्तको वासलात र आ.ब. २०७६/०७७ को नगद-प्रवाह विवरण सहितका अनुसूचीहरुमा छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०७७/०७८ का लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. साधरण सभामा भाग लिन Meeting Id र Password को निमित्त कम्पनीको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडको इमेल ठेगानाः **rts@siddharthacapital.com** मा कम्तिमा ७२ घण्टा अगावै आफ्नो नाम, बाबु र बाजेको नाम, डिम्याट खाता नम्बर (BOID) र धारण गरेको शेयर संख्या समेत उल्लेख गरी अनुरोध गर्नुपर्नेछ । यसरी अनुरोध गर्नुहुने महानुभावहरु कम्पनीको शेयरधनी रहेको यकिन भए पश्चात सभा हुनुभन्दा ४८ घण्टा अगावै Meeting ID र Password पठाइने छ । साथै साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगाडि देखि नै virtual meeting मा Join हुन सकिने गरी खुल्ला गरिनेछ ।
२. आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र इमेल गरी आफ्नो नाम दर्ता गराउनु पर्नेछ ।
३. कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, महाराजगञ्ज, काठमाडौं र शेयर रजिष्ट्रारको कार्यालय नक्साल, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।
४. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत विद्युतिय माध्यम (Zoom Meeting) बाट सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ । सो को लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र बुझाई सक्नुपर्नेछ ।

साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको केन्द्रिय कार्यालय वा शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।